जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ • अंक ९३ • २०८३ साल भाद्र ५ गते शुक्रबार (21 August, Friday, 2026) • पृष्ठ ४ • मूल्य रु. ५।-

## कांग्रेस महाधिवेशन प्रक्रिया रोक्न रिट दर्ता



**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली कांग्रेस संस्थापन इतर पक्षले १५औं महाधिवेशन रोक्न शुक्रबार सर्वोच्च अदालतमा रिट दर्ता गराउँदै छ ।

कांग्रेस नेता मीन विश्वकर्माले जनाए अनुसार महाधिवेशन प्रक्रिया रोक्न निवर्तमान सभापति शेरबहादुर देउवा र निवर्तमान कार्यवाहक सभापति पूर्णबहादुर खड्काले छुट्टाछुट्टै रिट दायर गर्ने भएका छन् ।

कांग्रेसको निर्वाचन समितिले १५औं महाधिवेशन आगामी असोज १६ देखि १९ गतेसम्म काठमाण्डुमा हुने कार्यतालिका सार्वजनिक गरेको छ । सो महाधिवेशन रोक्न इतर पक्ष सर्वोच्च पुग्ने भएको छ ।

सर्वोच्च अदालतको पूर्ण इजलासले कांग्रेसको आधिकारिता विवादमा पुनः सुनुवाइ गर्न निस्सा दिएको छ । सोको टुंगो नलाग्दासम्म महाधिवेशन प्रक्रिया रोक्न माग गर्दै रिट दर्ता गर्ने संस्थापन इतर पक्षले तयारी गरेको बताइन्छ ।

### रास्वपा मधेश प्रदेश अधिवेशन अनिश्चित कायमै

# महाधिवेशन भयो, तर मधेशका सात जिल्लामा अधिवेशनकै सकस

**टुडे समाचारदाता**

जनकपुरधाम । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) स्थानीय तहको निर्वाचनको आन्तरिक तयारीमा जुटिरहेका बेला मधेश प्रदेशमा भने पार्टीको संगठन निर्माण र अधिवेशन प्रक्रिया नै अझैसम्म पनि अनिश्चितता कायमै रहेको छ । पहिलो राष्ट्रिय महाधिवेशन सम्पन्न भएको करिब दुई महिना वित्न लाग्दा पनि मधेश प्रदेश अधिवेशनको टुंगो लागेको छैन । मधेशका आठ जिल्लामध्ये पर्सामा मात्र जिल्ला अधिवेशन सम्पन्न भएको छ भने बाँकी जिल्लामा विवादका कारण अधिवेशन हुन सकेको छैन ।

रास्वपाले असार ७ देखि १२ गतेसम्म चितवनमा पहिलो राष्ट्रिय महाधिवेशन सम्पन्न गरिसकेको छ । महाधिवेशनले रवि लामिछानेलाई सभापतिमा निर्विरोध चयन गरेको थियो । तर राष्ट्रिय नेतृत्व चयन भइसक्दा पनि मधेशमा वडा, पालिका र जिल्ला तहकै संगठनात्मक विवाद समाधान हुन नसक्दा प्रदेश अधिवेशन रोकिएको छ ।

रास्वपाले जेठ २८ गते मधेश प्रदेश अधिवेशन गर्ने तयारी गरेको गरे पनि जेठ २६ गते केन्द्रीय निर्वाचन आयोगले अधिवेशनसंग सम्बन्धित सम्पूर्ण गतिविधि स्थगित गरेको थियो । आयोगले अधिवेशन निष्पक्ष, पारदर्शी, विश्वसनीय र विधिसम्मत रूपमा सम्पन्न गर्न आवश्यक देखिएको भन्दै यस्तो निर्णय गरेको थियो ।

मधेशका आठ जिल्लामध्ये पर्सामा मात्र जिल्ला अधिवेशन सम्पन्न भएको छ । बाँकी सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट र बारामा वडा तथा



पालिका तहदेखि नै विवाद देखिएको थियो ।

धनुषाको गणेशमान चारनाथ नगरपालिकामा एउटै पालिकामा दुईपटक अधिवेशन गरी दुई समिति गठन भएको दाबी भएपछि विवाद केन्द्रसम्म पुगेको थियो । जिल्ला पार्टी कार्यालयमा तालाबन्दीसमेत भयो । सिरहामा नेतृत्व चयनको विषयलाई लिएर दुई पक्षबीच कुटाकुट हुँदा नेता-कार्यकर्ता घाइते भए । धनुषामा जिल्ला सभापतिमाथि अनुशासनसम्बन्धी कारबाही र प्रतिनिधि व्यवस्थापनको विवादले जिल्ला अधिवेशन प्रभावित भयो ।

महोत्तरीमा जलेश्वर, एकडारा, मटिहानी, मनराशिस्वा र पिपरालगायतका स्थानीय तहमा प्रतिनिधि तथा नेतृत्व चयनलाई लिएर विवाद देखिएको थियो । सर्लाहीमा मतदाता तथा प्रतिनिधि नामावलीमाथि प्रश्न उठेपछि अधिवेशन स्थगित हुन पुग्यो । रौतहटमा प्रतिनिधि व्यवस्थापन विवादित बन्यो भने बारामा जिल्ला नेतृत्व र कारबाहीको विषयले तनाव उत्पन्न भयो । सप्तरीमा पनि नेतृत्व र प्रतिनिधि छनोटलाई लिएर दुई पक्षबीच विवाद कायमै रहेको छ ।

पर्सामा भने विवाद र झडपका घटनाबीच पनि जिल्ला अधिवेशन सम्पन्न भयो। यही कारण पर्सा अहिले मधेशको एकमात्र निर्वाचित जिल्ला संगठन भएको छ ।

मधेशमा अधिवेशन प्रक्रिया अवरुद्ध हुनुमा निर्वाचित सांसदहरूको हस्तक्षेप, पुराना र नयाँ कार्यकर्ताबीचको प्रतिस्पर्धा तथा गुटगत ध्रुवीकरणलाई प्रमुख कारणका रूपमा औंल्याइएको छ ।

रास्वपाका एक नेताले स्थानीय तहदेखि नै आफू निकट व्यक्तिलाई नेतृत्वमा ल्याउन सांसद तथा प्रभावशाली नेताहरू सक्रिय भएको आरोप लगाएका छन् । मधेशबाट प्रतिनिधिसभाका ३२ मध्ये ३० सिट जितेपछि पार्टीभित्र शक्ति सन्तुलनको प्रतिस्पर्धा थप बढेको उनी बताउँछन् ।

त्यसैगरी प्रदेश नेतृत्वले निश्चित जातीय समूहलाई प्राथमिकता दिएको आरोपसमेत केही जिल्ला नेताले लगाएका छन् । प्रदेश सभापति तपेश्वर यादवमाथि लगाइएका यस्ता आरोपले विवादलाई संगठनात्मक विषयबाट समूहगत प्रतिस्पर्धातर्फ धकेलेको देखिन्छ । आरोपित पक्षले भने आफ्ना निर्णयलाई संगठनात्मक आवश्यकताका रूपमा व्याख्या गर्दै आएको छ ।

विवाद समाधानका लागि सभापति रवि लामिछानेले मधेशबाट प्रतिनिधित्व गर्ने सांसद तथा नेताहरूसंग छलफलसमेत गरेका थिए । तर छलफलपछि तत्कालीन तनाव केही मत्थर भए पनि जिल्लागत विवादको स्थायी समाधान हुन सकेन ।

अब रास्वपाका लागि चुनौती अझ ठूलो छ । स्थानीय तहको निर्वाचनको तयारी अघि बढिरहेका बेला पार्टीले उम्मेदवार छनोट, स्थानीय संगठन परिचालन र चुनावी अभियान सञ्चालन गर्नुपर्नेछ। तर निर्वाचनको आधार मानिने वडा, पालिका र जिल्ला तहकै संरचना विवादित वा अपूर्ण अवस्थामा रहँदा चुनावी तयारी कति प्रभावकारी हुन्छ भन्ने प्रश्न उठेको छ । तर रास्वपाका नेता जितेन्द्र महासेठले आन्तरिक रुपमा स्थानीय तहको निर्वाचनको कामकारबाहीले औपचारिकता नपाएको बताउँछन् । तर स्थानीय तहको निर्वाचनको तयारीका लागि आन्तरिक रुपमा कामहरु भइरहेको उनले स्पष्ट पारे ।

केन्द्रीय निर्वाचन आयोगका उपप्रमुख राम गुरुङले मधेशको अवस्था अन्य प्रदेशभन्दा फरक रहेकाले अधिवेशनका विषयमा पार्टी नेतृत्वसँग छलफल भइरहेको बताए । आयोग दशैंअघि प्रदेश अधिवेशन गराउने पक्षमा रहेको बताए ।

# कारबाहीको माग गर्दै प्रहरी कार्यालय घेराउ

**टुडे समाचारदाता**

बारा । बाराको जीतपुर सिमरा उपमहानगरपालिका-१ की तीन वर्षीया बालिका गरिमा चौधरीको बलात्कारपछि हत्या भएको घटनाको विरोधमा पीडित परिवार र स्थानीयवासीले इलाका प्रहरी कार्यालय सिमरा घेराउ गरेका छन् ।






इलाका प्रहरी कार्यालय सिमराका प्रमुख प्रहरी नायब उपरीक्षक दिलीप क्षेत्रीलाई कारबाही गर्नुपर्ने र घटनाको दोषीलाई फाँसी दिनुपर्ने माग राख्दै उनीहरू इलाका प्रहरी कार्यालय अगाडि प्रदर्शन गरी रहेकोले तनाव उत्पन्न भएको छ ।

सिमरामा देखिएको तनाव कम गर्नको लागि पीडित परिवार र स्थानीयहरूसँग वार्ताको प्रयास भइरहेको जिल्ला प्रशासन कार्यालय बाराका सहायक प्रमुख जिल्ला अधिकारी छविरमण भट्टराईले जानकारी दिए ।

बालिकालाई बलात्कार गरेर हत्या गरिएको प्रहरीले निष्कर्ष निकालेको थियो । सो घटनामा संलग्न रहेको आरोपमा प्रहरीले जीतपुरसिमरा-२ का १६ वर्षीय सुमन थापा र २४ वर्षीय प्रोग्रेस चौधरीलाई पक्राउ गरेको छ ।

हत्याको विरुद्धमा आक्रोशित बनेका स्थानीयहरूले मुख्य राजमार्ग देखि ग्रामीण सडक अवरुद्ध गरेर दुई दिन देखि प्रदर्शन गरिरहेका छन् ।

वीरगञ्ज -पथलैया औद्योगिक मार्गको सिमरा, सिमरा-डुमरवाना सडक खण्ड, पिलुवा-वडहर्वा सडक खण्डलाई पूर्ण रूपमा यातायात ठप्प गर्दै प्रदर्शनकारीहरुले प्रदर्शन गरेका थिए ।

हत्याको विरुद्धमा जीतपुर सिमरा उपमहानगरपालिका भित्रका निजी तथा सामुदायिक विद्यालयहरूले बिहीबार शोक सभा गरी विद्यालय बन्दसमेत गरेका थिए ।

तीन वर्षीया बालिकामाथि भएको क्रूर घटनाबाट सम्पूर्ण शैक्षिक क्षेत्र स्तब्ध भएको भन्दै निजी तथा सामुदायिक विद्यालयहरूले विज्ञप्ति जारी गर्दै घटनामा संलग्न रहेकाका दोषीलाई कारबाहीको माग गरेका छन् ।

पीडित परिवार र स्थानीयले बिहीबार बिहानै देखि उपमहानगरपालिकामा पर्ने राजमार्ग र भित्रका ग्रामीण सडकहरूमा समेत टायर बालेर प्रदर्शन गरिरहेका छन् । यसअघि बुधबार दिउँसोदेखि नै बन्द रहेको वीरगञ्ज-पथलैया सडक खण्डमा यातायात ठप्प छ ।

प्रहरीले समयमै खोज तलास नगरिदिएको कारणले छोरीलाई बचाउन नसकिएको मृतक गरिमा चौधरीका बुवा मनोज चौधरीले बताए ।

गरिमाको खोजीमा इलाका प्रहरी कार्यालयले गम्भीर लापरबाही गरेको आरोपसमेत उनले लगाए ।

# स्वास्थ्यका १४ अधिकारीको काज फिर्ता, दरबन्दी रहेकै कार्यालयमा खटाइयो

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारले प्रदेशका विभिन्न सरकारी तथा स्वास्थ्य संस्थामा लामो समयदेखि काजमा कार्यरत १४ जना स्वास्थ्य अधिकारी तथा चिकित्सकको काज फिर्ता गरेको छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले उनीहरूलाई काजबाट फिर्ता गर्दै दरबन्दी कायम रहेको कार्यालयमा हाजिर हुन निर्देशन दिएको छ ।

मधेश प्रदेश सरकार गठनपछि एकै पटक ठूलो संख्यामा स्वास्थ्यतर्फका कार्यालयका कार्यालय प्रमुख तथा चिकित्सकको काज फिर्ता गरिएको छ । यसरी ठूलो संख्यामा कार्यालय प्रमुखहरुलाई काज फिर्ता पहिलोपटक भएको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जनाएको छ । मधेश प्रदेशको राजधानी जनकपुरधामस्थित प्रादेशिक अस्पताल तथा मन्त्रालय र अन्य सरकारी निकायमा लामो समयदेखि काजमा रहेका कर्मचारीलाई उनीहरूको दरबन्दी रहेको कार्यालयमा पठाउने निर्णय गरिएको छ ।

प्रदेश स्वास्थ्य निर्देशनालयमा करिब डेढ वर्षदेखि काजमा कार्यरत ११औं तहका स्वास्थ्य शिक्षा प्रशासक सरोजचन्द्र न्यौपानेलाई उनको दरबन्दी रहेको प्रदेश स्वास्थ्य तालिम केन्द्र, पथलैयामा काज फिर्ता गरिएको छ ।

त्यस्तै, १०औं तहका वरिष्ठ स्वास्थ्य सहायक डा. नवलकिशोर झालाई स्वास्थ्य कार्यालय सर्लाहीबाट फिर्ता बोलाएर प्रदेश स्वास्थ्य निर्देशनालयमा काज फिर्ता गरिएको छ ।

प्रदेशको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा लामो समयदेखि काजमा रहेका ९औं तहका इन्टर्नल मेडिसिन विशेषज्ञ डा. विपिनकुमार झालाई उनको दरबन्दी कायम रहेको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा खटाइएको छ ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जनाए अनुसार प्रादेशिक अस्पताल जनकपुरमा लामो समयदेखि काजमा कार्यरत विभिन्न विशेषज्ञ चिकित्सकलाई उनीहरूको दरबन्दी कायम रहेको प्रदेशका अन्य अस्पतालमा पठाइएको छ ।


९औं तहका जनरल फिजिसियन डा. सञ्जीवकुमार झालाई प्रादेशिक अस्पताल जनकपुरबाट फिर्ता गरी दरबन्दी रहेको प्रादेशिक अस्पताल गौरमा खटाइएको छ ।


त्यसैगरी, ९औं तहका बालरोग विशेषज्ञ डा. रविन्द्रकुमार साहलाई पनि जनकपुरबाट फिर्ता गरी प्रादेशिक अस्पताल गौरमै पठाइएको छ । ९औं तहका रेडियोलोजिस्ट डा. गिरी रञ्जन प्रधान, एनेस्थेसियोलोजिस्ट डा. रौशनकुमार साह र मनोचिकित्सक डा. दिव्यांशु झालाई पनि जनकपुरमा रहेको काज फिर्ता गर्दै उनीहरूको दरबन्दी रहेको प्रादेशिक अस्पताल गौरमा खटाइएको छ ।

जनकपुरधाममा काजमा कार्यरत ९औं तहका बालरोग विशेषज्ञ डा. जितेन्द्र जयसवाललाई दरबन्दी रहेको प्रादेशिक अस्पताल मलंगवामा पठाइएको छ । त्यस्तै, ९औं तहका गाइनोकोलोजिस्ट डा. बृजमोहनकुमार रजकलाई पनि जनकपुरधामबाट फिर्ता गरी प्रादेशिक अस्पताल मलंगवामा खटाइएको छ ।

प्रादेशिक अस्पताल जनकपुरमा काजमा कार्यरत ९औं तहका बालरोग विशेषज्ञ डा. विकासकुमार साहलाई दरबन्दी रहेको प्रादेशिक अस्पताल कलैयामा पठाइएको छ । त्यस्तै, एनेस्थेसियोलोजिस्ट डा. सन्दीप शर्मालाई पनि जनकपुरको काजबाट फिर्ता गरी प्रादेशिक अस्पताल कलैयामा खटाइएको छ ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जनाए अनुसार प्रादेशिक अस्पतालमा काजमा कार्यरत ९औं तहका जनरल मेडिसिन विशेषज्ञ डा. कृष्णकुमार यादवलाई उनको दरबन्दी रहेको प्रादेशिक अस्पताल सिरहामा पठाइएको छ ।





**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन॥**

## सम्पादकीय

# निरुत्साही गर

मुस्लिम धर्ममा चन्दा माग्ने, ब्याज खानेलाई धर्म र मान्यता विरुद्ध मानिन्छ। मुस्लिमहरुले वार्षिक गरेको आयबाट कम्तिमा १० प्रतिशत रकम धार्मिक, सामाजिक, परोपकार, विपन्नलाई दान गर्न भन्छन्। धार्मिक मान्यता अनुसार कतिपयले वार्षिक आयको १० प्रतिशत रकम खर्च पनि गर्छन् होला ? दानलगायतका परोपकार कार्यमा लगाएको धनको विषयलाई सार्वजनिक गर्ने चलन नरहेकोले यकिन विवरण थाहा हुन सक्दैन। तर धेरैले १० प्रतिशत वा त्यस भन्दा कम खर्च गर्दैनन्। मुसलमानहरुमा पनि ब्याज खाने धन्धा फस्टाएकै छ। धेरैले ऋण लगानी गरेर ब्याज खाने गरेका छन्। कतिपयले त मिटर ब्याजको धन्धा समेत गरेको देखिन्छ। चन्दा असुलीमा पनि कतिपय युवाहरु सक्रिय देखिन्छन्। उनीहरुले जलसा, मोहर्रम लगायतका धार्मिक आयोजनको नाममा विभिन्न व्यवसायिक फर्महरुमा गएर चन्दा माग्ने गरेका छन्। चन्दा वापत कुनै रसिद दिँदैन। चन्दादाताले रसिद अथवा कुनै पत्रको माग गर्दा मुस्लिम धर्ममा रसिद काटेर रकम नलिने बताउँदै चन्दा दिन कर नै गर्छन्। अधिकाँश चन्दा संकलकहरु युवा नै रहने गरेका छन्। उनीहरुले आफ्नो ठेगाना प्रायः जनकपुरधाम उपमहानगरपालिकाको वडाहरु बताउने गर्छन्। मुसलमान युवाहरुले चन्दा माग्ने क्रम बढ्न थालेपछि त्यसको खोजबिन पनि हुनु स्वभाविक नै हो। मुसलिम धर्मका अगुवाहरुले चन्दा संकलन गर्ने कुनै कार्यक्रम सञ्चालनमा नरहेको बताएका छन्। तर चन्दा संकलन गर्नेहरुको गतिविधि बढ्दो छ। चन्दा दिनै पर्ने कर समेत गरिन्छ। चन्दा स्वेच्छाले दिन विषय हो। त्यसमा कर गर्न हुँदैन। त्यो कुनै एउटा धर्मावलम्बीका लागि मात्र नभइ सबै धर्मावलम्बीहरुलाई कर गरेर चन्दा असुली गर्ने छुट छैन। सामाजिक, धार्मिक कार्यका लागि चन्दा असुली गर्न समेत स्वीकृति चाहिन्छ। स्विकृति बिना चन्दा असुल्नेहरुलाई रोक्न स्थानीय प्रशासनले सार्वजनिक सूचना जारी गर्न आवश्यक छ। विभिन्न धार्मिक, सामाजिक कार्य लगायतको नाउँमा अवैध रुपमा चन्दा असुल गरी सीमापार गरेर लागुऔषधको धन्धा गर्छन्। लागुऔषधको धन्धालाई नियन्त्रण गर्न पनि चन्दा असुलीलाई रोक लगाउनु पर्छ। बिना रसिदको चन्दा माग्नेहरुलाई प्रहरीमा खबर गरी कारबाही गराउनु पर्छ। लागुऔषध सेवन गर्न धर्मको नाममा चन्दा असुली गर्ने धन्धालाई निरुत्साहित गर्नुपर्छ। मधेश प्रदेशमा धर्मको नाममा चन्दा मागेर लागुऔषधको धन्धा हुने गरेको बताइन्छ। चन्दा लिने संस्थाको तर्फबाट खटिने व्यक्तिलाई सम्बन्धित निकायले आवश्यक आधिकारिकता खुलिने प्रमाणहरु उपलब्ध गराउनु पर्छ। त्यस्तो प्रमाण नभएका व्यक्तिहरुले चन्दा माग्न आए प्रहरीलाई खबर गर्नु उचित हुनेछ। समाजमा हुने गलत कार्यहरुलाई निरुत्साहित गर्न अबैध रुपमा हुने चन्दा असुलीलाई पनि रोक्नु पर्छ।

## श्रीलक्ष्मी-नारायण मठ, तुल्सीयाही जब्दी :

# वैदिक सभ्यता, रामायणकालीन जनश्रुति र वामन अवतारको दिव्य स्मृतिले आलोकित पवित्र तीर्थ



● प्रफुल्ल घिमिरे

मिथिलाको पावन भूमिमा पाइला टेक्नेबित्तिकै वैदिक सभ्यताको सुगन्ध, ऋषिमुनिहरूको तपस्याको स्मृति, वेद-पुराणका अमर आख्यान र भगवान श्रीराम-जानकीको दिव्य लीलाको अनुभूति स्वतः जागृत हुन्छ। यही मिथिलाको काखमा अवस्थित धनुषा जिल्लाको तुल्सीयाही जब्दी गाउँ सनातन वैदिक परम्परा, धार्मिक आस्था, पुरातात्त्विक सम्पदा र सांस्कृतिक गौरवले भरिएको एउटा जीवित इतिहास हो। यहाँ अवस्थित श्रीलक्ष्मी-नारायण मठ शताब्दीयौँदेखि श्रद्धा, साधना, सेवा र भक्तिको केन्द्रका रूपमा परिचित रहँदै आएको छ।

यस पवित्र भूमिको इतिहास लिखित अभिलेखमा मात्र सीमित छैन। यहाँका माटोका कण, वृक्ष, पोखरी , शिलालेख र देवविग्रहहरुले कुनै न कुनै दिव्य कथा बोकेका छन्। स्थानीय जनश्रुति, ऐतिहासिक प्रमाण, राजकीय बक्सपत्र र मन्दिर परिसरमा रहेका दुर्लभ मूर्तिहरूले यस स्थानको प्राचीनता र महिमालाई आज पनि सजीव बनाइ रहेका छन्।

सत्य युगमा अवतरण गरेका भगवान "वामन"लाई धर्मको पुनःस्थापक, अहंकार विनाशक र भक्तवत्सल भगवानका रूपमा मानिन्छ। यही दिव्य अवतारको स्मृतिसँग जोडिएको वामन भगवानको दुर्लभ विग्रह आज पनि तुल्सीयाहीस्थित श्रीलक्ष्मी-नारायण मठमा श्रद्धापूर्वक पूजित हुनु यस तीर्थको विशिष्ट महिमा हो।

यसैगरी त्रेतायुगमा पनि तुल्सीयाहीको अस्तित्व रहेको जनश्रुतिबाट थाहा पाइन्छ। त्रेतायुगमा "मिथिला" महाराज जनकको राज्य थियो। यही भूमिमा जगतजननी माता जानकीको अवतरण भएको थियो। भगवान श्रीराम र माता सीताको विवाहपछि मिथिलाका अनेक पवित्र स्थलहरू रामायणकालीन स्मृतिका रूपमा प्रसिद्ध भए।

स्थानीय जनश्रुतिअनुसार आजको तुल्सीयाही क्षेत्रमा सो समयमा विशाल तुलसी वन रहेको थियो। माता जानकी नियमित रूपमा यस स्थानमा आएर भगवान आराधनाका लागि तुलसीदल संकलन गर्नुहुन्थ्यो भन्ने विश्वास स्थानीय समाजमा पुस्तौँदेखि जीवित छ। यही तुलसी वनका कारण यस स्थानको नाम "तुल्सीयाही" रहन गएको भन्ने जनविश्वास आज पनि प्रचलित छ।

यद्यपि यो प्रसङ्ग मुख्य रामायण ग्रन्थहरूमा प्रत्यक्ष उल्लेखित छैन, तर मिथिलाको मौखिक परम्परा र स्थानीय धार्मिक विश्वासले यस स्थानलाई माता जानकीको आशीर्वाद प्राप्त पवित्र भूमि मान्दै आएको छ। यही विश्वासले यहाँको धार्मिक आस्था अझ गाढा बनाएको छ।

तुलसी स्वयं भगवान विष्णुलाई अति प्रिय मानिन्छ। वैष्णव सम्प्रदायमा तुलसीबिना भगवानको पूजा अपूर्ण मानिने भएकाले तुल्सीयाहीको धार्मिक महत्त्व अझ विशिष्ट देखिन्छ। त्यसैले यहाँको प्रत्येक तुलसीको बिरुवा, प्रत्येक पूजा र प्रत्येक आरतीमा त्रेतायुगको आध्यात्मिक स्मृति झल्किएको अनुभूति भक्तजनले गर्ने गर्थे।

युगौँदेखि वैष्णव साधना, भगवान विष्णुको आराधना तथा सन्त-महात्माहरूको तपोभूमिका रूपमा प्रसिद्ध यस स्थानमा प्राचीनकालदेखि नै श्रीलक्ष्मी-नारायण मठ स्थापना भएको मानिन्छ। यो मठ धार्मिक, सांस्कृतिक तथा पुरातात्त्विक दृष्टिले अत्यन्त महत्त्वपूर्ण सम्पदा हो।

चारैतर्फ बलियो पर्खालले सुरक्षित गरिएको विशाल परिसरको मध्यभागमा अवस्थित मुख्य मन्दिरको वास्तुकला नै यसको प्राचीनताको साक्षी बनेर उभिएको छ। मन्दिरमा स्थापित दुर्लभ शिलामूर्तिहरूले वैष्णव तथा सनातन परम्पराको समृद्ध इतिहास बोलिरहेका छन्।

मन्दिरको गर्भगृहमा भगवान श्रीलक्ष्मी-नारायणको दिव्य विग्रह विराजमान छ। दक्षिण-पूर्व दिशामा गरुडनारायणको प्राचीन मूर्ति तथा त्यसकै नजिक रहेको कालो पत्थरको शिलालेखले यस मठको ऐतिहासिक गौरवलाई प्रमाणित गर्दछ। शिलालेखमा उत्कीर्ण अक्षरहरूले तत्कालीन राजकीय संरक्षण र धार्मिक व्यवस्थापनको इतिहासलाई आज पनि जीवन्त राखेका छन्।

श्रीलक्ष्मी-नारायण मठको महिमा जनश्रुतिमा मात्र सीमित छैन। यस मठको प्राचीनता शिलालेख, राजकीय बक्सपत्र तथा पुस्तौँदेखि चलिआएको पूजा-परम्पराबाट पनि पुष्टि हुन्छ। यस कारण यो मठ मिथिलाको एक महत्वपूर्ण वैष्णव धार्मिक केन्द्रका रूपमा परिचित रहेको छ।

मन्दिरको पूर्वतर्फ अवस्थित ढोकाबाट बाहिर निस्कँदा श्रद्धालुको दृष्टि सबैभन्दा पहिले पवित्र श्रीलक्ष्मी-नारायण सरोवरमा पुग्छ। विगतमा भक्तजनहरू यस सरोवरमा स्नान, आचमन र शुद्धिकरण गरी त्यसपछि मात्र भगवानको दर्शन गर्न मन्दिर प्रवेश गर्ने परम्परा थियो। धार्मिक दृष्टिले यो सरोवर मन्दिरको अभिन्न अंग मानिन्थ्यो।

समयको परिवर्तनसँगै प्रशासनिक तथा राजनीतिक कारणले सरोवरको स्वामित्व मन्दिरबाट अलग भएको स्थानीयहरूको गुनासो रहेको छ। तथापि यसको धार्मिक महत्त्व भने आज पनि यथावत् रहेको छ।

मन्दिरको दक्षिण भागमा हरियालीले भरिएको बगैँचा रहेको छ भने पश्चिमतर्फ प्राचीन हवेली (धर्मशाला) अवस्थित छ, जहाँ विगतमा महन्त तथा आगन्तुक सन्त-महात्माहरू विश्राम गर्ने परम्परा रहेको बताइन्छ। उत्तरतर्फ रहेको विशाल भान्साघरमा भगवानलाई नित्य भोग तयार गरिन्थ्यो र त्यहीँबाट साधुसन्त, अतिथि तथा भक्तजनलाई प्रसाद वितरण गरिन्थ्यो। यसले यस मठ केवल पूजा गर्ने स्थान मात्र नभई सेवा, दान र अतिथि सत्कारको केन्द्र रहेको स्पष्ट हुन्छ। आजको समयमा जिर्ण अवस्थाबाट गुज्रिरहेको छ। संरक्षण-सम्बर्द्धनको पर्खाइमा रहेको यो भान्सा घरमा आज पनि प्रसाद बन्ने गर्छ। उक्त भान्साघरकै बरन्डामा नै मठका महन्त तथा यहाँ आएका साधु सन्तहरु सुत्ने गर्छन।

परिसर बाहिर रहेका विशाल पीपल, बर लगायतका वृक्षहरूले यस स्थानको आध्यात्मिक वातावरणलाई अझ रमणीय बनाएका छन्। वृक्षका वरिपरि चौतारा बनाइएको छ। पिपल बृक्षको पुर्ब तर्फ सिमेन्टले बनाइएको एउटा अलग्गै चौतारा छ। जसमा मिथिला मध्यमा पन्द्र दिने परिक्रमा निस्केको श्री किशोरी जिको डोलालाई गिरिजा









स्थानबाट मठिहानी आउने क्रममा विश्राम गराउने गरिन्छ। वृक्षका वरिपरि निर्मित चौताराहरूमा साधुसन्त, यात्रु र श्रद्धालुहरू विश्राम गर्दै भगवानको नामस्मरण गर्ने परम्परा आज पनि जीवित छ। किशोरीजि विश्राम गर्ने स्थलकै पुर्व दक्षिणतर्फ प्राचीन एउटा कुवा अवस्थित छ। यसै कुवाको जल बिगतका समयमा भगवानको स्नान-भोगराग तथा अन्य कर्ममा उपयोग हुनथ्यो। आज यो अझै पनिआफ्नो अस्तित्वको खोजी गर्दैछ।

धार्मिक आश्थाले अत्यन्तै महत्त्वपूर्ण तिर्थस्थल रहेको यस मठका अनेकौं कथा प्रंसगहरुले भरिएका छन। स्थानीय जनश्रूति अनुसार विक्रम संवत् १५८५ तिर यस मठमा हरि नामका एक सिद्ध महात्मा नित्य भगवान श्रीलक्ष्मी-नारायणको सेवा, पूजा र साधनामा समर्पित हुनुहुन्थ्यो। त्यही समयमा कोशल पाण्डे नाम गरेका एक व्यक्ति तीर्थयात्राको क्रममा यस मठमा आइपुगे। रात परिसकेकाले उनी मठमै विश्राम गर्न बसे। महात्माले उनको अनुहारमा गहिरो चिन्ता देखेर सोध्नुभयो- "राजन! तपाईं अत्यन्त व्याकुल देखिनुहुन्छ। मनमा के पीडा छ?" कोशल पाण्डेले विनम्रतापूर्वक उत्तर दिए। "म योग्य सन्तान प्राप्त गर्ने अभिलाषा राख्छु। साथै यस पवित्र श्रीलक्ष्मी-नारायण मठमा जीवनभर सदाव्रत सञ्चालन गर्ने इच्छा पनि छ।" महात्माले ध्यानमग्न भई आशीर्वाद दिनुभयो। "तिम्रो तेस्रो पुस्तामा एक वीर, तेजस्वी, धर्मनिष्ठ र पराक्रमी पुत्र जन्मनेछ। उसले आफ्नो कीर्तिले यस मठको सेवा गर्नेछ।" स्थानीय जनश्रुतिअनुसार समयक्रममा महात्माको भविष्यवाणी सत्य सावित भयो। कोशल पाण्डेको वंशमा भोटे पाण्डे नामका वीर पुरुषको जन्म भयो।

उनले आफ्नो शौर्य, धर्मनिष्ठा र सेवाभावबाट तत्कालीन राजाका विश्वास जितेका थिए। उनले आफ्ना बाबु कराज्यूको स्मृतिमा निर्माण गरेका धर्मशाला र श्रीलक्ष्मी-नारायण मठमा सदाव्रत सञ्चालन गर्न पुर्याएका विशेष योगदान एवं धर्मप्रतिको समर्पणबाट प्रभावित भई तत्कालीन नेपालाधिपति श्री ५ गिर्वाणयुद्ध वीर विक्रम शाह देवले विक्रम संवत् १८६२ साल चैत १ गते यस मठको नियमित पूजा-अर्चना, भोगराग, सदाव्रत तथा धार्मिक सेवा सञ्चालनका लागि मौजा कायम गरी जग्गा प्रदान गर्नुभएको उल्लेख शिलालेख तथा बक्सपत्रमा पाइन्छ। बक्सपत्रमा भगवान श्रीलक्ष्मी-नारायण, हरि तथा शालिग्रामको नित्य पूजा, गो-सेवा, साधुसन्तको सत्कार तथा धर्मकार्य अविच्छिन्न रूपमा सञ्चालन गर्नुपर्ने व्यवस्था गरिएको उल्लेख छ। यसले तत्कालीन राज्यले धार्मिक संस्थालाई संरक्षण गर्ने परम्परा कति बलियो थियो भन्ने स्पष्ट पार्दछ। स्थानीय विश्वासअनुसार राजा स्वयंले पनि यस मठमा आई पूजा-अर्चना गर्नुभएको थियो। यस घटनाले श्रीलक्ष्मी-नारायण मठको तत्कालीन प्रतिष्ठा र प्रभावको अनुमान गर्न सकिन्छ।

मन्दिर परिसरमा सुरक्षित कालो पत्थरको विशाल शिलालेख आज पनि यस मठको इतिहासको मौन साक्षी बनेर उभिएको छ। करिब ३.४ फिट लम्बाइ र २.४ फिट चौडाइ भएको उक्त शिलामा सुन्दर ढङ्गले अक्षर कुँदिएका छन्। यस शिलालेखबाट विक्रम संवत् १८६२ मा गजदल पाण्डेद्वारा मन्दिरको जीर्णोद्धार गरिएको उल्लेख प्राप्त हुन्छ। यसले मठले समय-समयमा विभिन्न धर्मपरायण व्यक्तिहरूको संरक्षण र सहयोग प्राप्त गर्दै आएको पुष्टि गर्दछ।

वर्तमान यस समयमा तुल्सीयाहीस्थित श्रीलक्ष्मी-नारायण मठ मुखियापट्टी मुसहरनियाँ गाउँपालिका-३ मा अवस्थित छ। यद्यपि समयसँगै धेरै परिवर्तनहरु भए, तर मठको धार्मिक महिमा, ऐतिहासिक गरिमा र सांस्कृतिक पहिचान भने अझै अटल रूपमा कायमै रहेको छ।

श्रीलक्ष्मी-नारायण मठको इतिहासमा सबैभन्दा अद्भुत र श्रद्धापूर्ण प्रसङ्गमध्ये एक "वामन भगवान" को दिव्य विग्रह प्रकट भएको घटना हो। यो घटना केवल एउटा मूर्ति फेला परेको प्रसङ्ग मात्र होइन, स्थानीय जनविश्वासअनुसार भगवानको कृपा, भक्तिको शक्ति र सनातन आस्थाको ज्वलन्त उदाहरणका रूपमा आज पनि स्मरण गरिन्छ।

सनातन धर्मग्रन्थहरूका अनुसार सत्ययुगमा असुरराज महाबलि आफ्नो दान, वैभव र पराक्रमका कारण तीनै लोकमा प्रसिद्ध थिए। उनी महान् दानी भए पनि शक्तिको विस्तारसँगै देवताहरू चिन्तित भए। देवमाता अदितिको प्रार्थनापछि भगवान विष्णुले वामन अवतार धारण गर्नुभयो। ब्राह्मण बालकका रूपमा यज्ञस्थलमा पुगेर भगवानले राजा बलिसँग केवल तीन पाइला भूमि माग्नुभयो। वचन दिएपछि भगवानले विराट त्रिविक्रम स्वरूप धारण गर्नुभयो। एक पाइलाले पृथ्वी, अर्को पाइलाले स्वर्ग नाप्नुभयो। तेस्रो पाइला राख्ने स्थान नहुँदा राजा बलिले आफ्नै शिर अर्पण गरे। भगवानले उनको सत्यनिष्ठा र भक्तिबाट प्रसन्न भई उनलाई सुतल लोकको अधिपति बनाउँदै धर्म, दान, विनम्रता र वचनपालनको आदर्श स्थापित गर्नुभयो।

यस कारण भगवान वामनलाई धर्मको पुनर्स्थापक, अहंकारको अन्त्यकर्ता र भक्तवत्सल भगवानका रूपमा वैष्णव सम्प्रदायले विशेष श्रद्धाका साथ पूज्दै आएका छन।

स्थानीय इतिहासअनुसार विक्रम संवत् १९९४/९५ तिर तुल्सीयाही जब्दीमा भीषण महामारी फैलिएको थियो। गाउँभरि मानिसहरू एकपछि अर्को गर्दै बिरामी पर्न थाले। औषधि, उपचार र अनेक उपाय अपनाउँदा पनि महामारी नियन्त्रणमा आउन सकेन। गाउँभरि त्रास, पीडा र निराशा छाएको थियो। यस कठिन समयमा गाउँका केही श्रद्धालुहरूले एउटै प्रकृतिको अद्भुत सपना देखेको स्थानीय बुढापाकाहरू सुनाउँछन्। सपनामा भगवान नारायणले भन्नुभएको थियो। "गाउँको पूर्व दिशातर्फ रहेको खेतभित्र मेरो वामन स्वरूपको विग्रह लुकेको छ। त्यसलाई श्रद्धापूर्वक उत्खनन गरी मन्दिरमा प्रतिष्ठापना गरेर पूजा-अर्चना गर। महामारी शान्त हुनेछ।"

सपनालाई ईश्वरीय संकेत मानेर गाउँलेहरू एकजुट भए। जयराम महासेठको खेतमा उत्खनन सुरु गरियो। केही समयपछि माटोभित्रबाट एउटा अनुपम, दुर्लभ र प्राचीन शिलामूर्ति प्रकट भयो। त्यस क्षण उपस्थित सबै श्रद्धालु भावविभोर बने। भगवानको जयजयकारले सम्पूर्ण गाउँ गुन्जायमान भयो।

उत्खननबाट प्राप्त भएको भगवान वामनको श्रीविग्रह अत्यन्त कलात्मक र पुरातात्त्विक दृष्टिले महत्वपूर्ण मानिन्छ। वटुक (बाल ब्राह्मण) स्वरूपमा रहेको उक्त मूर्तिका चार हात रहेका छन्। विभिन्न हातमा वेद, चक्र, गदा, कमण्डलु तथा कमलका प्रतीकहरू अंकित छन्, जसले भगवान विष्णुको दिव्य स्वरूपलाई झल्काउँछ। स्थानीय जनविश्वासअनुसार उक्त विग्रहलाई अत्यन्त श्रद्धाका साथ श्रीलक्ष्मी-नारायण मठमा ल्याई वैदिक विधिअनुसार प्रतिष्ठापना गरी नित्य पूजा-अर्चना प्रारम्भ गरियो। त्यसपछि क्रमशः महामारी नियन्त्रणमा आयो र गाउँलेहरूले यसलाई भगवान वामनको दिव्य कृपाका रूपमा ग्रहण गरे। यद्यपि यस घटनाको लिखित ऐतिहासिक प्रमाण सीमित छ, यो प्रसङ्ग आज पनि स्थानीय धार्मिक परम्परा र जनविश्वासको महत्वपूर्ण अंशका रूपमा जीवित रहेको छ।

दुर्लभ देवविग्रहहरूको अनुपम भण्डार रहेको श्रीलक्ष्मी-नारायण मठ धार्मिक सम्पदाको अनुपम केन्द्र हो। यहाँ रहेका अधिकांश मूर्तिहरू कालो शिलामा निर्मित प्राचीन कलाकृतिहरू हुन्, जसले तत्कालीन मूर्तिकला, धार्मिक परम्परा र वैष्णव दर्शनको उत्कृष्ट नमुना प्रस्तुत गर्छन्। मन्दिरमा भगवान श्रीलक्ष्मी-नारायणको विशाल श्यामशिला विग्रह, भगवान वामन, गरुडनारायण, श्रीगोपालजी, महामाया, हनुमानजी, महादेव, गणेश, भैरवनाथ लगायतका दुर्लभ देवविग्रहहरू विराजमान छन्। यसका अतिरिक्त श्रीराम, माता जानकी, लक्ष्मण, हनुमान, श्रीराधा-रुक्मिणी, श्रीरामलला आदिका पित्तल निर्मित आकर्षक मूर्तिहरूले मन्दिरको धार्मिक गरिमालाई अझ उँचो बनाएका छन्। यहाँ दुर्लभ कालो तथा सेतो शालिग्राम शिलाको दर्शन गर्ने अवसर पनि प्राप्त हुन्छ, जुन वैष्णव परम्परामा अत्यन्त पवित्र मानिन्छ। यी सम्पदाहरूले श्रीलक्ष्मी-नारायण मठलाई केवल एउटा स्थानीय मन्दिर नभई मिथिलाको धार्मिक, सांस्कृतिक र पुरातात्त्विक धरोहरका रूपमा स्थापित गरेका छन।

सनातन सभ्यताको यी अमूल्य उज्ज्वल धरोहरलाई संरक्षण, संवर्द्धन र रक्षा गर्नु हामी सबै सनातन धर्मावलम्बीहरुको प्रथम दाइत्व हो। यो श्रीलक्ष्मी-नारायण मठ मिथिलाको वैदिक सभ्यता, सनातन संस्कृतिको निरन्तरता, धार्मिक आस्था र सामाजिक सेवाको जीवित केन्द्र हो। शताब्दीयौँदेखि यहाँ नित्य पूजा-अर्चना, भोगराग, वैदिक कर्मकाण्ड, साधु-सन्तको सत्कार, अतिथि सेवा, भण्डारा तथा धार्मिक अनुष्ठानहरू अविच्छिन्न रूपमा सञ्चालन हुँदै आएका थिए। यही परम्पराले यस मठलाई केवल आराधनाको स्थान नभई लोककल्याणको केन्द्रका रूपमा प्रतिष्ठित गरेको थियो। दुर्भाग्यवश यो प्राचीन मठ र यसका सारा सम्पत्ति- जग्गा जमिनहरु गुठी संस्थानको मातहतमा पुग्यो। उक्त सम्पत्ति जग्गा जमिन संस्थानले बेचबिखन गर्दै आफ्नो ढुकुटी भर्दै गयो। यसबाट आउने मालपोतबाट समेत गुठी र गुठिका कर्मचारीहरु मोटाउदै गए। मठ दुब्लाउदै गयो। चलिआएका धार्मिक मूल्य-मान्यता,परम्परा चाड पर्व , सदाव्रत सबै हराउदै गए। तथापि मठका आफ्ना ती मौलिक धार्मिक मूल्य मान्यताहरु कायम राख्न महन्तहरुलाई धौधौ परेता पनि निर्वाह गर्दै आएका छ्न। भोग-राग, साधु-सन्त, अथिती सत्कार गुठी संस्थाले झारो टार्ने दिएको खाङ्गिले प्राय जसो समाप्त हुदै गएका छन।

प्राचीन इतिहासिक धर्मशाला खंडहरमा परिणत भएको छ। भगवानलाई भोग लगाउन जिर्ण भान्साघरमा प्रसाद बनाउनु पर्ने बाध्यता छ। खुला बरन्डामा सुत्नु पर्ने महन्तको बाध्यकारी नियति बनेको छ।

यस्ता कहालीलाग्दो अवस्थाबाट गुज्रिरहेको यस मठका इतिहासका विभिन्न कालखण्डमा अनेक महन्त, पुजारी तथा धर्मसेवीहरूले यस मठको संरक्षण, पूजा-व्यवस्था र धार्मिक परम्परालाई निरन्तरता दिएका छन्। उपलब्ध अभिलेख तथा स्थानीय परम्पराअनुसार बाबु कराज्यू, भोटे पाण्डे, गजदल पाण्डे, रामबाबु पाण्डे, उमाबहादुर पाण्डे, श्रीबहादुर पाण्डे, प्रेमबहादुर पाण्डे, कोमलबहादुर पाण्डे, फेकु पाण्डे, श्याम पाण्डे, नेवा काजी, क्षेत्रकुमारी पाण्डे र वैद्यनाथ ठाकुरलगायतका व्यक्तित्वहरूले यस मठको सेवा र संरक्षणमा महत्त्वपूर्ण योगदान पुऱ्याएका छन्।


## ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | स्वास्थ्यमा अलि सजग रहनुपर्ने देखिन्छ। |
| वृष : | व्यापार-व्यवसाय तथा साझेदारीको काममा सफलता मिल्नेछ। |
| मिथुन : | प्रतिस्पर्धा तथा शत्रुहरुमाथि विजय प्राप्त हुनेछ। |
| कर्कट : | बौद्धिक काम, अध्ययन र रचनात्मक क्षेत्रमा सफलता मिल्नेछ। |
| सिंह : | आमाको स्वास्थ्य ध्यान दिनु आवश्यक छ। |
| कन्या : | तपाईको पराक्रम र उत्साह बढ्नेछ। |
| तुला : | आर्थिक लाभका अवसरहरु प्राप्त हुनेछन्। |
| वृश्चिक : | आत्मविश्वास र उर्जामा वृद्धि हुनेछ। |
| धनु : | आर्थिक लेनदेनमा विशेष सतर्कता अपनाउनुहोला। |
| मकर : | आम्दानीका नयाँ स्रोतहरु खुल्नेछन्। लगानीबाट राम्रो प्रतिफल मिल्नेछ। |
| कुम्भः | कार्यक्षेत्रमा पद-प्रतिष्ठा र सफलता मिल्नेछ। |
| मीनः | धार्मिक तथा आध्यात्मिक गतिविधिमा रुचि बढ्नेछ। भाग्यले साथ दिनेछ। |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378


## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| आँखा अस्पताल | ५२०३९७ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**

बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# फरार प्रतिवादी पक्राउ




**टुडे समाचारदाता**

रौतहट, । विभिन्न अपराधिक मुद्दामा अदालतबाट दोषी ठहर भई लामो समयदेखि फरार रहेका १३ जना प्रतिवादीलाई रौतहट प्रहरीले पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय र मातहतका प्रहरी इकाइबाट परिचालित टोलीले फरार प्रतिवादी पक्राउ गर्ने अभियान अन्तर्गत जिल्लाका विभिन्न स्थानबाट उनीहरूलाई पक्राउ गरेको हो । पक्राउ परेका प्रतिवादीलाई फैसला कार्यान्वयनका लागि रौतहट जिल्ला अदालत, गौरमा पेश गरिएको प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता डीएसपी बसन्त गौतमका अनुसार पक्राउ परेकाहरू विद्युतीय अपराध, लागूऔषध, बिगो, चोरी, कुटपिट, चेक अनादर, अभद्र व्यवहार तथा बहुविवाहलगायतका मुद्दामा अदालतबाट दोषी ठहर भएका व्यक्ति हुन् ।

प्रहरीका अनुसार पक्राउ परेका १३ जनाबाट अदालतको फैसलाअनुसार कुल ५ वर्ष ३ महिना २३ दिन कैद तथा १ लाख १८ हजार रुपैयाँ जरिवाना असुल गर्न बाँकी रहेको थियो ।

फैसलाअनुसार विद्युतीय अपराध मुद्दामा २ महिना ७ दिन कैद र १० हजार रुपैयाँ जरिवाना, लागूऔषध मुद्दामा १ वर्ष १० महिना ६ दिन कैद तथा ९० हजार रुपैयाँ जरिवाना र बिगोसम्बन्धी मुद्दामा २ वर्ष कैद सजाय तोकिएको थियो ।

त्यस्तै, चोरी मुद्दामा १ महिना ८ दिन कैद र १० हजार रुपैयाँ जरिवाना, अभद्र व्यवहार मुद्दामा २ महिना तथा बहुविवाह मुद्दामा १ वर्ष २ दिन कैद सजाय सुनाइएको प्रहरीले जनाएको छ । कुटपिट र चेक अनादरसम्बन्धी मुद्दामा भने अदालतको फैसलाअनुसार विभिन्न रकम जरिवाना असुल गर्न बाँकी थियो ।

# संघमा आबद्धहरुलाई बीमा सुविधा

**टुडे समाचारदाता**




लहान । सिरहाको मिर्चैया उद्योग वाणिज्य संघले संघमा आवद्ध व्यवसायी, कर्मचारी तथा सदस्यहरूका लागि दुर्घटना, स्वास्थ्य र क्रिटिकल इलनेस बीमा सुविधा उपलब्ध गराउने भएको छ ।

यसका लागि मिर्चैया उद्योग वाणिज्य संघ र नेको इन्सुरेन्स लिमिटेडबीच एक वर्षका लागि सामूहिक बीमा सुविधा उपलब्ध गराउने समझदारीपत्र (एमओयू) मा हस्ताक्षर भएको हो ।

सम्झौता अनुसार संघमा आवद्ध बीमित सदस्यले दुर्घटनाका कारण मृत्यु, पूर्ण वा आंशिक अशक्तता, उपचार खर्च, आय गुमेको अवस्थामा राहत तथा शव व्यवस्थापन र अन्त्येष्टि खर्चलगायतका सुविधा पाउनेछन् । दुर्घटनाजन्य उपचारका लागि अधिकतम १ लाख रुपैयाँसम्मको सुविधा उपलब्ध हुने जनाइएको छ ।

त्यस्तै, सामूहिक स्वास्थ्य बीमाअन्तर्गत अस्पताल भर्ना भई उपचार गराउँदा नीति अवधिभर अधिकतम ५० हजार रुपैयाँसम्मको उपचार सुविधा प्राप्त गर्न सकिने व्यवस्था गरिएको छ । क्रिटिकल इलनेस बीमाअन्तर्गत क्यान्सर, मिर्गौला फेल, मुटुरोग, स्ट्रोक, अंग प्रत्यारोपण, पक्षघात, पार्किन्सन्स र डिमेन्सियालगायत २८ प्रकारका गम्भीर रोगलाई समेटिएको छ ।

सम्झौता अनुसार संघले आफ्ना सदस्यहरूको विवरण, नागरिकताको प्रतिलिपि तथा आवश्यक कागजात संकलन गरी बीमा कम्पनीलाई उपलब्ध गराउनेछ । साथै प्रिमियम व्यवस्थापन र बीमा दाबी प्रक्रियामा समेत संघले समन्वय गर्नेछ ।

नेको इन्सुरेन्सले आवश्यक कागजात प्राप्त भएपछि बीमालेख जारी गर्ने तथा दाबीका लागि आवश्यक सम्पूर्ण कागजात पूरा भएको अवस्थामा १५ दिनभित्र दाबी भुक्तानी गर्ने जनाएको छ ।

समझदारीपत्रमा मिर्चैया उद्योग वाणिज्य संघका अध्यक्ष भरत महासेठ र नेको इन्सुरेन्स लिमिटेडका तर्फबाट श्याम कुमार ठाकुरले हस्ताक्षर गरेका छन् । कार्यक्रममा नेको इन्सुरेन्सका प्रमुख प्रबन्धक कृष्ण बराल साक्षीका रूपमा उपस्थित थिए ।

हस्ताक्षर भएको मितिदेखि लागू हुने उक्त समझदारी एक वर्षसम्म कायम रहनेछ । दुवै पक्षको सहमतिमा सम्झौता नवीकरण गर्न सकिने व्यवस्था गरिएको छ ।

# बैंकको नाममा हुने साइबर ठगीबाट सतर्क रहन आग्रह

**टुडे समाचारदाता**




जनकपुरधाम । विभिन्न बैंकको नाम र लोगो प्रयोग गरेर सामाजिक सञ्चाल मार्फत सर्वसाधारणलाई झुक्याउँदै साइबर ठगी गर्ने प्रयास भइरहेकाले सतर्क रहन भन्दै जिल्ला प्रहरी कार्यालय धनुषाले आमनागरिकलाई रहन आग्रह गरेको छ ।

धनुषा प्रहरीका अनुसार पछिल्लो समय व्हाट्सअप, इमो र भाइबर लगायतका सामाजिक सञ्जाल मार्फत अपरिचित व्यक्तिहरूले विभिन्न बैंकका खातावालालाई सम्पर्क गरी केवाईसी अपडेट गर्नुपर्ने भन्दै झुक्याएर ओटीपी माग्ने गरेको छ ।

'२४ घण्टाभित्र खाता बन्द हुन्छ' जस्ता झुटा सूचना तथा विभिन्न प्रलोभन देखाएर सेवाग्राहीबाट गोप्य बैंकिङ विवरण लिने प्रयास भइरहेको प्रहरीको भनाइ छ । ठगीमा संलग्न व्यक्तिहरूले सम्बन्धित बैंकको लोगो प्रयोग गरी नक्कली आईडी बनाउने र त्यसबाट नागरिकताको स्क्यान कपी, बैंक खाताको आईडी तथा पासवर्ड, ओटीपी कोड लगायतका संवेदनशील विवरण माग्ने गरेको प्रहरीले जनाएको छ ।

त्यस्तै, कतिपय अवस्थामा बैंकको ब्त्ः कार्ड तथा चेकबुकसमेत कुरियरमार्फत पठाउन लगाउने गरिएको पाइएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ । यस्ता विवरण तथा सामग्री अपरिचित व्यक्तिलाई उपलब्ध गराउँदा खाताबाट रकम चोरी हुनुका साथै अन्य आर्थिक तथा कानुनी जोखिमसमेत निम्तिन सक्ने प्रहरीले चेतावनी दिएको छ ।

धनुषा प्रहरीले कुनै पनि अपरिचित व्यक्ति वा शंकास्पद सामाजिक सञ्जाल अकाउन्टलाई नागरिकता वा अन्य परिचय खुल्ने कागजातको प्रतिलिपि, बैंक खाताको विवरण, पासवर्ड तथा इत्ए कोड उपलब्ध नगराउन आग्रह गरेको छ ।

बैंकसँग सम्बन्धित कुनै पनि सूचना वा केवाईसी अपडेट आवश्यक भएमा अपरिचित लिंक, सामाजिक सञ्जाल अकाउन्ट वा व्यक्तिको भर नपरी सम्बन्धित बैंकको आधिकारिक माध्यम वा शाखामा सम्पर्क गर्न धनुषा प्रहरीले सुझाव दिएका छन् ।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता तथा सूचना अधिकारी प्रहरी नायव उपरीक्षक ओमप्रकाश खनालले प्रविधिको विकाससँगै साइबर अपराधका नयाँ नयाँ तरिका प्रयोग हुन थालेकाले नागरिकहरू थप सचेत हुनुपर्ने बताएका छन् । उनले यस्ता शंकास्पद गतिविधि देखिएमा तत्काल प्रहरीलाई जानकारी गराउन अनुरोध समेत गरेका छन् ।

# सशस्त्र प्रहरीमाथी आक्रमण गर्ने दुईजना पक्राउ

**टुडे समाचारदाता**



रौतहट । रौतहटको बौधिमाई नगरपालिका-८ सरमुजवामा मध्यराति घरमा प्रवेश गरी सशस्त्र प्रहरी माथि आक्रमण गर्ने दुईजना लाई पक्राउ गरेको छ।

तस्करीको सामान बोकेको मोटरसाइकल नियन्त्रणमा लिने क्रममा भएको विवादसँग जोडिएको छ । भारतको घोडासहनबाट तस्करीको सामान बोकेर नेपालतर्फ आउँदै गरेको मोटरसाइकल नियन्त्रणमा लिने क्रममा सोमबार विवाद भएको र तस्कर समूह तथा केही स्थानीयले सशस्त्र प्रहरीमाथि ढुंगामुढा तथा आक्रमण गरेको बुझिएको छ ।

उक्त आक्रमणमा सशस्त्र प्रहरी बल, बीओपी सरमुजवामा कार्यरत इन्स्पेक्टर लोकेन्द्र पुलामी मगरको हातको औंला भाँचिएको तथा अर्का एक सुरक्षाकर्मीसमेत घाइते भएको बताइएको छ । इन्स्पेक्टर पुलामीले दिएको जाहेरीका आधारमा घटनामा संलग्न व्यक्तिलाई पक्राउ गर्न सुरक्षाकर्मी परिचालन गरिएको प्रहरीले जनाएको छ । सोही क्रममा शिवपुजन यादव र नवलकिशोर यादवलाई राति घरबाट पक्राउ गरिएको प्रहरीको भनाइ छ । तर, पक्राउ परेका दुवै दाजुभाइ उक्त घटनामा संलग्न नरहेको परिवारको दाबी छ ।

परिवारका अनुसार उनीहरूमध्ये एकजना सवारी चालक र अर्का खेती-किसानी गर्ने व्यक्ति हुन्। उनीहरू तस्करीमा संलग्न नरहेको परिवारको दाबी छ । परिवारका अनुसार मंगलबार मध्यराति करिब १२ बजेको समयमा नेपाल प्रहरी र सशस्त्र प्रहरीको संयुक्त टोली शिवपुजन र नवलकिशोरलाई पक्राउ गर्न घर पुगेको थियो ।

सुरक्षाकर्मीले मुख्य ढोका फुटाएर घरभित्र प्रवेश गरी छापामारी गर्दै दुवैलाई नियन्त्रणमा लिएको र त्यस क्रममा परिवारका सदस्यलाई समेत कुटपिट गरेको आरोप लगाइएको छ । छापामारीको क्रममा प्रहरीले परिवारका अन्य सदस्यलाई कुटपिट गरेको आरोप लागेको छ । घटनामा ७० वर्षीया बसकलिया देवी र उनकी १६ वर्षीया नातिनी करिश्मा यादव घाइते भएकी छिन् ।

घाइते दुवैको गौरस्थित प्रादेशिक अस्पतालमा उपचार भइरहेको छ। अस्पतालका चिकित्सकका अनुसार बसकलियाको टाउकोमा सातवटा र करिश्माको टाउकोमा छवटा टाका लगाइएको छ ।

# 'अख्तियारको कामकारबाहीमा कुनै राजनीतिक हस्तक्षेप हुँदैन'

काठमाण्डु । राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले अख्तियार दुरुपयोग अनुसन्धान आयोगमाथि कुनै किसिमको राजनीतिक हस्तक्षेप नहुने स्पष्ट पार्नुभएको छ ।

राज्य व्यवस्था तथा सुशासन समितिको आजको बैठकमा ' अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कामकारबाहीका सम्बन्धमा पदाधिकारीसँगको छलफल'मा उहाँले बिना पूर्वाग्रह काम गरेर इतिहास रच्न आयोगका पदाधिकारीलाई सुझाव दिनुभयो ।

स भा प ति लामिछानेले भ्रष्टाचारसम्बन्धी अनुसन्धान र अभियोजनलाई व्यवस्थित र वस्तुनिष्ठ बनाउन आग्रह गर्नुभयो । "कुनै पनि राष्ट्रसेवक र जनप्रतिनिधिलाई अदालतको ढोकामा टेकाउने बित्तिकै उसको पद निलम्बन हुन्छ, मुख्यसचिवसम्मको पद निलम्बन भएको छ, उहाँ सफाइ पाएर निस्कनुभएको छ ।

यसबाट उहाँको व्यक्तिगत, पारिवारिक र व्यावसायिक जीवनमा परेको असर तथा सामाजिक प्रतिष्ठामा गम्भीर क्षति पुगेको छ । त्यसको परिपुरण कसरी गर्न सक्छौं ?", अनुसन्धान र अभियोजनमा मेहनत गर्न आग्रह गर्दै उहाँले भन्नुभयो । रासस

# वैदेशिक सहायताको प्रभावकारी उपयोगमा अर्थमन्त्रीको जोड

काठमाण्डु । अर्थमन्त्री स्वर्णिम वाग्लेले वैदेशिक सहायताको प्रभावकारी उपयोग तथा खर्च क्षमता बढाउनुपर्नेमा जोड दिनुभएको छ ।

सार्वजनिक लेखा समितिको बिहीबारको बैठक उहाँले वैदेशिक अनुदानको मात्रा घट्दो क्रममा रहेको र खर्च पनि कम भएको वास्तविकता सुनाउनुभयो ।

अर्थमन्त्री वाग्लेले चालु बजेटमा वैदेशिक ऋण रु दुई खर्ब ४७ अर्ब र अनुदान रु ६२ अर्ब प्रक्षेपण गरिए पनि अनुदानको वास्तविक प्राप्ति रु १० देखि १५ अर्बमा सीमित रहेको बताउनुभयो ।

विश्व बैंक र एसियाली विकास बैंकबाट मुलुकले सहुलियतमा ऋण प्राप्त गर्दै आएको तर अतिकम विकसित मुलुकबाट स्तरोन्नति हुन लागेको नेपाललाई सहुलियतमा ऋण प्राप्त नहुने परिस्थिति सृजना भएको अर्थमन्त्रीले बताउनुभयो ।

बितेका ५० वर्षमा नेपालले प्रशस्त सहुलियतपूर्ण ऋण प्राप्त गरेको तर खर्च क्षमता नहुँदा, खरिद प्रक्रिया र प्रशासनिक ढिलासुस्तीका कारण त्यसको प्रभावकारी उपयोग हुन नसकेको बताउनुभयो ।

बैठकमा महालेखापरीक्षक तोयम रायले वैदेशिक सहायतामा सञ्चालन हुने परियोजनाको रकम समयमै खर्च हुने वातावरण बनाउनुपर्ने बताउनुभयो ।

## श्री जिल्ला प्रहरी कार्यालय धनुषाको नाममा सार्वजनिक सूचना

**विषयः** ठगी, कीर्ते तथा जालसाजीसम्बन्धी फौजदारी कसुरमा कारबाही प्रक्रिया अगाडि बढाउन तत्काल पक्राउ गर्न माग ।

ठगी किर्ते जालसाजी फौजदारी कसुर अन्तर्गत २०७४ को दफा ४ को कसुर मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ बमोजिम कारबाही प्रक्रिया अगाडी बढाउन तत्काल पक्राउ सम्बन्धमा जिल्ला प्रशासन कार्यालय धनुषाको दर्ता नं. ६४४९ बमोजिम बिगो पाँच अर्ब पचास करोड तिर्न माग गरेको ।

**जग्गा सम्बन्धि बिगो असुली गर्न देवशरण साहको मागः**

जनकपुरधाम । जनकपुरधाम उपमहानगरपालिका १८ प्रको महुवाका देवशरण साह तेलीले जग्गा सम्बन्धि ठगी कसुरमा विपक्षीको नाममा पाँच अर्ब पचास करोडको बिगो तिर्न माग गरेका छन् ।

जिल्ला प्रशासन कार्यालय धनुषामा २०८० फाल्गुन ८ गते दर्ता नं. ६४४९ मा निवेदन दर्ता गराई विपक्षी जनकपुरधाम उपमहानगरपालि १७ बेलौनीका जनक साह सुडीका छोरा जनकपुरधाम १४ मा बस्ने बासुदेव साह सुडीलाई ठगी कसुरमा कारबाहीका लागि पक्राउ पुर्जी जारी गर्न माग गरिएको छ ।


जनकपुरधाम उपमहानगरपालिका १८ प्रको महुवाको कि.नं. १६३ को क्षेत्रफल नं. ०-६-०-६ , कि.नं. १६३ को क्षेत्रफल ०-३-१०-७ , कि नं.७४ जि ०-२-८-० गरी १२ कठ्ठा र एक घडेरी जग्गा आफ्नो नाउँमा हुनुपर्ने हुँदा आमाबुबाको मृत्यु पछि विपक्षीले जालसाजी गरी आफ्नो कब्जामा लिएकाले सो को बिगो असुली सम्बन्धमा जिल्ला प्रशासन कार्यालयमा निवेदन दर्ता गराईएको निवेदनकर्ता देवशरणले जानकारी दिए ।

यस सम्बन्धमा २०८० भदौ ३ गते हुलाक कार्यालय अधिकृतबाट प्रमाणित गरिएको पोष्ट म्यानबुक किताबको फोटोकोपी तथा कुनै प्रकारको ऋण समेत नरहेको स्पष्ट सहित समाचार समेत प्रकाशन भईसकेको निवेदनमा उल्लेख गरिएकोछ । उनले माग गरेको बिगो सम्बन्धमा निवेदन नापी कार्यालय र भूमि सुधार तथा मालपोत कार्यालय धनुषाका २०७९ चैत ६ गते निवेदन समेत दर्ता गराएको उल्लेख गरिएको छ ।

**देव शरण साह**
ज.उ.म.न.पा. वडा नं. १८, मो.९८१७६३७३७८

## ।। हार्दिक श्रद्धाञ्जली ।।

जन्म :
२००३ चैत १३



मृत्यु :
२०८३ साउन २६

**स्व. राजेन्द्र विमल**

नेपालको लब्धप्रतिष्ठित शिक्षाविद् ,नेपाली, अंग्रेजी, मैथिली, हिन्दी भाषाका वरिष्ट साहित्यकार, संस्कृतिविद्, भाषाविद् वी.पी.कोइराला क्याम्पस तथा व्यवस्थापन समिति, जनकपुरधाम-९ का सञ्चालक समिति सदस्य **डा.राजेन्द्र विमल**को ८० वर्षको उमेरमा मिति २०८३ साउन २६ गते देहावसान भएको आज १२ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चीरशान्तिको लागि माता जानकीसित प्रार्थनागर्दै **हार्दिक श्रद्धाञ्जली** अर्पण गर्दछौ । असिम शोकको घडीमा सोकाकुल परिवारजनमा **हार्दिक समवेदना** प्रकट गर्दछौ ।

**क्याम्पस प्रमुख**
**वी.पी. कोइराला क्याम्पस तथा व्यवस्थापन समिति**
**जनकपुरधाम-९, परिवार**

## औरही गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## देउरी परवाहा, धनुषा
## मधेश प्रदेश, नेपाल

## मौजुदा सूची दर्ता गर्ने सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८३/०५/०५)**

यस औरही गाउँपालिकाको लागि आ.व.२०८३/०८४ मा आवश्यक पर्ने तपशिल बमोजिमका मालसामान, निर्माण सेवा तथा परामर्श सेवाहरू खरिद गर्नका लागि सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६(क) तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ को उपनियम (१) बमोजिम मौजुदा सूची तयार गरी अद्यावधिक गर्नु पर्ने भएकोले योग्यता पुगेका इच्छुक सम्बन्धित इजाजत प्राप्त संस्था, सप्लायर्स, निर्माण व्यवसायी, फर्म वा कम्पनीहरूले औरही गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयमा मौजुदा सूचीमा सूचीकृतका लागि अनुसूची २ क बमोजिमको ढाँचामा दरखास्त पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिलः**

१. कार्यालय संचालन सम्बन्धी (मसलन्द, स्टेशनरी, छपाई आदि) आपूर्ति,
२. विभिन्न प्रकारका फर्निचर तथा फर्निसिङका सामान आपूर्ति तथा मर्मत सम्भार सम्बन्धी,
३. मेशिनरी औजार, कम्प्युटर, प्रिन्टर, फ्याक्स, फोटोकपी, टेलिफोन सेट तथा कम्प्युटर सम्बन्धी पार्टपूर्जाहरू,
४. निर्माण कार्य तथा निर्माण सामग्रीहरू आपूर्ति सम्बन्धी कार्य,
५. विज्ञापन तथा सूचना प्रकाशन, प्रसारण सम्बन्धी सेवाहरू,
६. सवारीसाधन, सवारीसाधनका पार्टपूर्जाहरू सप्लाई तथा मर्मत सम्बन्धी,
७. विद्युतिय सामग्री तथा उपकरण मर्मत सम्भार तथा सप्लाई सम्बन्धी,
८. कृषिजन्य औजार, उपकरण, औषधी र विउ विजन आपूर्ति सम्बन्धी,
९. पशु सेवा सम्बन्धी कार्य (औषधी, उपकरण)
१०.स्वास्थ्य सम्बन्धी औषधी, उपकरण तथा परामर्श सेवा सम्बन्धी,
११.कम्प्युटर तथा अन्य तालिम,
१२.इन्टरनेट सम्बन्धी सेवा,
१३.सूचना प्रविधि सम्बन्धी विभिन्न सेवा, सफ्टवेयर तथा हार्डवेयर निर्माण तथा जडान,
१४.प्राविधिक तथा अन्य प्रशासनिक कार्यको परामर्शदाता तथा अन्य सेवा सम्बन्धी,
१५.अन्य मालसामान तथा सेवा सम्बन्धी,

**दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरूः**

१. मौजुदा सूचीमा दर्ता हुन चाहेको सम्बन्धी निवेदन ।
२. संस्था, फर्म तथा कम्पनी दर्ताको प्रमाणित प्रतिलिपि ।
३. स्थायी लेखा नम्बर वा मू.अ. कर दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
४. व्यवसायिक इजाजतको प्रमाणपत्रको प्रतिलिपि ।
५. औरही गाउँपालिका क्षेत्रभित्र रहेका व्यवसायीहरूको हकमा औरही गाउँपालिकाबाट लिएको व्यवसाय प्रमाणपत्रको प्रतिलिपि ।
६. आ.व. ०८२/०८३ को सबै कर चुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपि ।
७. राजस्व शाखामा सूचीकृत दस्तुर तिरेको नगदी रसिद ।

- **अन्य जानकारीहरू :**

१. म्याद नाघि आएको, आवश्यक प्रमाणपत्रको प्रतिलिपि संलग्न नभएको, आवश्यक शुल्क नतिरेको वा रीत नपुगेको निवेदन उपर कुनै कारवाही गरिने छैन ।
२. सूचिकृत भएका विक्रेता फर्म, संस्था वा कम्पनीहरूबाट कार्यालयको आवश्यकता अनुसारको सामान वा सेवा खरिद गरिनेछ ।
३. सूचिकृत भएका विक्रेता फर्म, संस्था वा कम्पनीहरूले सन्तोषजनक सेवा वा सामान सप्लाई नगरेको खण्डमा सूचिबाट हटाइनेछ । यस उपर कुनै दावि विरोध गर्न पाइने छैन ।
४. कम्पनी, फर्म वा संस्था सूचिकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा नीहित रहनेछ ।
५. यस सूचना अनुसार दर्ता भएका सूची आ.व.०८३/०८४ को लागि मात्र मान्य हुनेछ ।
६. सूचिकृत हुन चाहने इजाजतप्राप्त दर्तावाल व्यक्ति, फर्म, कम्पनी एवम् संस्थाहरूले आफ्नो फोन नं, मोवाइल नं, इमेल र सम्पर्क व्यक्तिको विवरण अनिवार्य रूपमा उल्लेख गर्नुपर्नेछ ।

# करेन्ट लागेर मृत्यु हुने बढ्दो, १० वर्षमै ७ गुणाले बढयो

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेस प्रदेशमा विद्युत् दुर्घटनाबाट ज्यान गुमाउनेको संख्या तीव्र रुपमा बढदै गएको छ । पछिल्लो एक दशकमा ७ गुणाले संख्या बढेको तथ्यांकले देखाउंछ । नेपाल प्रहरीको तथ्यांक अनुसार आर्थिक वर्ष २०७३/७४ देखि २०८२/८३ सम्म करेन्ट लागेर प्रदेशमा ५७४ ले ज्यान गुमाएको छ ।



नेपाल प्रहरीका केन्द्रीय प्रहरी प्रवक्ता प्रहरी नायव महानिरीक्षक अबि नारायण काफ्लेका अनुसार मृतकमध्ये ३७२ जना पुरुष, १११ जना महिला र ९१ जना बालबालिका छन् ।

प्रहरी तथ्यांक अनुसार आर्थिक वर्ष २०७३/७४ मा करेन्ट लागेर १७ जनाको मृत्यु भएको थियो । तर, २०८२/८३ मा आइपुग्दा यो संख्या बढेर ११७ पुगेको छ । यसरी हेर्दा एक दशकको अवधिमा करेन्टबाट हुने मृत्यु भ्रन्डै सात गुणाले बढेको हो ।

गत आर्थिक वर्षमा मात्रै करेन्ट लागेर ७२ पुरुष, २२ महिला र २३ बालबालिकाले ज्यान गुमाएका छन्। सोही घटनामा नौ जना पुरुष घाइते भएको प्रहरीको तथ्यांकमा उल्लेख छ ।

तथ्यांकले बालबालिका करेन्ट दुर्घटनाको भ्रनै जोखिममा रहेको देखाएको छ। २०७३/७४ मा दुई बालबालिकाको मृत्यु भएकोमा २०८२/८३ मा यो संख्या बढेर २३ पुगेको छ। अर्थात् बालबालिकाको मृत्यु संख्या करिब ११.५ गुणाले वृद्धि भएको हो ।

त्यस्तै, पुरुषको मृत्यु संख्या पनि उल्लेख्य रूपमा बढेको छ। २०७३/७४ मा करेन्ट लागेर नौ पुरुषको मृत्यु भएकोमा गत आर्थिक वर्षमा यो संख्या ७२ पुगेको छ। महिलातर्फ भने सोही अवधिमा मृत्यु संख्या ६ बाट बढेर २२ पुगेको प्रहरीको तथ्यांक छ ।

नेपाल विद्युत् प्राधिकरण मधेस प्रदेशका प्रमुख शम्भु कुसियैत यादवले जनकपुर टुडेसँग कुरा गर्दै भने 'विद्युत् दुर्घटना बढ्नुमा मुख्यतः असावधानी र लापरवाही हो । मृत्यु हुनेमा अधिकांश किसान रहेका छन् । सिँचाइका लागि विद्युत् प्रयोग गर्ने क्रममा हुने असावधानीका कारण दुर्घटना बढिरहेको छ ।'

खेतमा सिँचाइका लागि लगिएका विद्युत् तार मुसाले काट्ने, तार लुज हुने वा अन्य कारणले क्षति पुग्ने गरे पनि त्यसको अवस्था जाँच नगरी मोटरमा विद्युत् प्रवाह गर्नु, राति वा दिनको समयमा सिँचाइ गर्ने काम गर्नु लगायतका असावधानीले दुर्घटना बढेको उनको भनाई छ ।

यादवले विद्युत् अत्यावश्यक सेवा भएपनि यसको प्रयोगमा सामान्य असावधानी र लापरवाहीले ज्यान जान सक्ने भएकाले उपभोक्ता सचेत भएर विद्युत प्रयोग वा सञ्चालन बारे जनचेतना फैलाउँदै आएको छ र विद्यालयस्तरमा समेत सचेतना कार्यक्रम सञ्चालन गर्ने तयारी अघि बढाएको जानकारी दिए ।

करेन्ट लागेर मृत्यु भएका सबै घटनामा क्षतिपूर्तिको व्यवस्था नरहेको उनले प्रष्ट पारेका छन् । यादवले भने प्राधिकरणको गल्ती वा लापरवाहीका कारण दुर्घटना भएको पुष्टि भएमा मात्रै प्राधिकरणले क्षतिपूर्ति व्योहर्ने हो, अन्य लापरवाही वा असावधानीको अवस्थामा उपभोक्ता स्वयं जिम्मेवार भएकाले क्षतिपूर्ति दिइदैन ।

# मेडिकल र आईआईटी शिक्षण संस्था स्थापना गर्न माग

**राजनितिक जटिलताका कारण भारतले दिँदै आएको सहयोगहरु सिधा प्रदेश सरकारसंग नपुगेर केन्द्र सरकारको झनझटिलो प्रक्रियामा अल्झिन पुगेको गुनासो गरे । मुख्यमन्त्री यादवले भारत सरकारले दिन खोजेको आर्थिक सहयोग सोझै प्रदेश सरकारले पाउनु पर्ने वातावरण हुनुपर्नेमा जोड दिए ।**




**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशका मुख्यमन्त्री कृष्णा प्रसाद यादवले भारत सरकारसंग मेडिकल कलेज र आईआईटी शिक्षण संस्थान प्रदेशमा स्थापना गर्न आग्रह गरेका छन् ।

भारतको ८० औं स्वतन्त्रता दिवसको अवसरमा बिहीबार जनकपुरधाममा आयोजित नेपालको वर्तमान अवस्थामा नेपाल भारत सम्बन्ध विषयक एक दिने विचार गोष्ठीमा बोल्दै मुख्यमन्त्री यादवले भारत सरकारसंग यस्तो आग्रह गरेका हुन् ।

भारतको प्रख्यात मेडिकल अस्पताल अल ईण्डिया मेडिकल इन्सिटिच्यूटको शाखा र एउटा आईआईटी शिक्षण संस्थानको शाखा मधेश प्रदेशमा स्थापना गरी यहाँको शैक्षिक तथा स्वास्थ्य क्षेत्रमा योग्दान पुऱ्याई सहयोग गरिदिन उनले भने ।

मुख्यमन्त्री यादवले भारतले मधेश प्रदेशसहित नेपालभर गर्दै आएको विभिन्न योगदानहरुको प्रशंसा गर्दै धन्यवाद ज्ञापन गरेका छन् । मुख्यमन्त्री यादवले भारतसंगको सम्बन्ध पौराणिक काल देखि नै रहेकोले त्यसलाई थप प्रगाढ बनाउन दुबै देशले मिलेर काम गर्नु पर्नेमा जोड दिए ।

मधेश प्रदेश भारतसंग सबै भन्दा नजिक रहेकोले भारतले मधेश प्रदेशका जनताका लागि विशेष सहयोग गर्नुपर्ने मुख्य मन्त्री यादवले धारणा राखे । उनले राजनितिक जटिलताका कारण भारतले दिँदै आएको सहयोगहरु सिधा प्रदेश सरकारसंग नपुगेर केन्द्र सरकारको झनझटिलो प्रक्रियामा अल्झिन पुगेको गुनासो गरे । मुख्यमन्त्री यादवले भारत सरकारले दिन खोजेको आर्थिक सहयोग सोझै प्रदेश सरकारले पाउनु पर्ने वातावरण हुनुपर्नेमा जोड दिए ।

कार्यक्रममा भारतीय महावाणिज्य दुतावास, विरगंजका कन्सुलर जनरल डा. एस मिनाले भारतले नेपालमा विगतको वर्षहरुमा विभिन्न क्षेत्रको विकासका निम्ति दिएको सहयोगहरुबारे विस्तृत जानकारी गराएका थिए ।

भारतको छिमेकी पहिलो निति अन्तर्गत भारतले नेपालको भौतिक, आर्थिक, शैक्षिक र प्राविधिक वृद्धिमा सदैव लगानि गर्दै आएको र भविष्यमा पनि सहयोग जारी राख्ने निति लिएको कन्सुलर मिनाले बताए । भारतले विश्वस्तरमा गर्दै आएको प्रगतिमा नेपाललाई पनि साझेदारको रुपमा लिएर अगाडि बढ्न मद्यत गर्ने उनको भनाई थियो ।

कार्यक्रममाका अध्यक्ष एजम पूर्व मन्त्री रामसिंह यादवले भारत सरकारले आर्थिक र भौतिक विकासबाहेक भावनात्मक र शिपमूलक विकासमा पनि नेपाललाई मद्यत गर्नु पर्ने धारणा राखेका थिए ।

भारत सरकारले नेपाललाई सहयोग गर्दै आएतापनि नेपालीले भारतलाई हेर्ने दृष्टिकोण साकारात्मक नरहेको पूर्व मन्त्री यादवको भनाई थियो । भारत सरकारले यस विषयको समिक्षा गर्दै भौतिक र आर्थिक सहयोगबाहेक पनि नेपाल र नेपाली संग भावनात्मक जुडाव हुने कार्यहरु गर्नुपर्नेमा उनले जोड दिए ।

# सरुवा सहमतिका लागि जनकपुरधामको आह्वान

**टुडे समाचारदाता**

जनकपुरधाम । रिक्त पदमा अन्तरस्थानीय तह सरुवामार्फत कर्मचारी पदपूर्ति गर्ने प्रक्रिया जनकपुरधाम उपमहानगरपालिकाले अघि बढाएको छ ।

उपमहानगरपालिकाले मधेश प्रदेशअन्तर्गतका स्थानीय तहमा कार्यरत कर्मचारीलाई सरुवा सहमतिका लागि आवेदन दिन आह्वानका सूचना सार्वजनिक गरेको हो ।

उपमहानगरपालिकाले बिहीबार जारी गरेको सूचनामा स्वीकृत दरबन्दी तथा संगठन संरचना अनुसार रिक्त रहेका प्रशासन सेवातर्फका पदमा सरुवा भई आउन इच्छुक कर्मचारीबाट निवेदन माग गरेको जनाएको छ ।

सूचना अनुसार प्रशासन सेवाअन्तर्गत सामान्य प्रशासन समूहमा तह ५/६ को सहायक पाँचौं वा अधिकृत छैठौं तहको पद र तह ४ को सहायक चौथो पद रिक्त रहेको छ । मधेश प्रदेशको 'स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१' को दफा २५ को उपदफा (१) बमोजिम सरुवा प्रक्रिया अघि बढाइएको उपमहानगरपालिकाले जनाएको छ ।

सो अनुसार मधेश प्रदेशअन्तर्गतका स्थानीय तहमा कार्यरत आफ्नो सेवा, समूह र पद मिल्ने कर्मचारीले जनकपुरधाम उपमहानगरपालिकामा अन्तरस्थानीय तह सरुवाका लागि सहमति माग गर्दै निवेदन दिन सक्नेछन् ।

उपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत ज्ञानहरी घिमिरेद्धारा जारी सूचनामा इच्छुक कर्मचारीलाई तोकिएको प्रक्रियाअनुसार सरुवा सहमतिका लागि निवेदन पेश गर्न आग्रह गरिएको छ ।

जनकपुरधाम उपमहानगरपालिकाले रिक्त दरबन्दी पूर्ति गरी उपमहानगरको प्रशासनिक सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने उद्देश्यले सरुवा प्रक्रियामार्फत कर्मचारी व्यवस्थापन गर्न लागेको हो ।

## आत्महत्याको रौतहटमा "डर लाग्दो" अवस्था

# एक वर्षमै १६३ जनाले गरे आत्महत्या, १६ वर्षमुनिका मात्रै ३२ जना

**सञ्जय मिश्रा**

रौतहट । आत्महत्याको अवस्था पछिल्लो समय रौतहटमा चिन्ताजनक बन्दै गएको देखिएको छ । जिल्ला प्रहरी कार्यालय रौतहटको आर्थिक वर्ष २०८२/०८३ को तथ्यांकअनुसार एक वर्षको अवधिमा जिल्लामा १६३ जनाले आत्महत्या गरेका छन् । यो तथ्यांकले औसतमा हरेक दुई-तीन दिनमा जिल्लामा आत्महत्याको एउटा घटना हुने गरेको देखाउँछ ।



प्रहरीको तथ्यांक अनुसार आत्महत्या गर्नेमा झुण्डिएर मृत्यु रोज्नेको संख्या सबैभन्दा बढी छ। एक वर्षमा १४६ जनाले झुण्डिएर आत्महत्या गरेका छन् भने १७ जनाले विष सेवन गरेका छन् ।

आत्महत्या गर्ने १६३ जनामध्ये ४७ जना पुरुष, ५३ जना महिला, ७ जना बालक र ५६ जना बालिका रहेका छन्। उमेर समूहका आधारमा हेर्दा १६ वर्षभन्दा कम उमेरका ३२ जना, १६ देखि २५ वर्षका ६९ जना, २६ देखि ३५ वर्षका २२ जना, ३६ देखि ४५ वर्षका २० जना, ४६ देखि ६० वर्षका ४ जना र ६० वर्षभन्दा माथिका ५ जना रहेका छन् ।

तथ्यांकको सबैभन्दा गम्भीर पक्ष १६ वर्षभन्दा कम उमेरका ३२ बालबालिकाले एक वर्षमै आत्महत्या गरेको तथ्य हो। अझ चिन्ताजनक कुरा, मृतकमध्ये अधिकांश विद्यार्थी रहेको बताइएको छ ।

जिल्ला प्रहरी प्रवक्ता डिएसपी बसन्त गौतमका अनुसार कलिलो उमेरमा आत्महत्याको घटना बढ्नुले बालबालिकाको मानसिक तथा भावनात्मक अवस्थामाथि परिवार, विद्यालय र समाजले पर्याप्त ध्यान दिन नसकेको संकेत गर्छ ।

किशोरावस्था आफैंमा भावनात्मक परिवर्तनको संवेदनशील चरण हो। यही उमेरमा पढाइ, पारिवारिक अपेक्षा, साथीभाइको सम्बन्ध, प्रेमसम्बन्ध, सामाजिक दबाब तथा आफूलाई अरूसँग तुलना गर्ने प्रवृत्तिले तनाव बढाउन सक्छ ।

तर १६ वर्षमुनिका बालबालिकाले आत्महत्या गर्नुको कारणलाई केवल ' पढाइको दबाब' वा 'प्रेमसम्बन्ध' भनेर निष्कर्ष निकाल्नु उचित हुँदैन। प्रत्येक घटनाका पछाडि फरक पारिवारिक, सामाजिक, मनोवैज्ञानिक र व्यक्तिगत परिस्थिति हुन सक्छन् ।

बालबालिकामाथि अभिभावकको अत्यधिक अपेक्षा पनि एउटा सम्भावित दबाब बन्न सक्छ । परीक्षामा राम्रो अंक नआउँदा गाली गर्ने, अरू विद्यार्थी वा आफ्नै दाजुभाइसँग तुलना गर्ने, पढाइमा कमजोर भएको भन्दै अपमानित गर्ने वा भविष्य बिग्रिने डर देखाउने व्यवहारले बालबालिकामा मानसिक दबाबले आत्महत्या गर्न बाध्य हुने गरेको मनोविज्ञहरुको भनाईछ ।

घरभित्रको निरन्तर विवाद, अभिभावकबीचको झगडा, पारिवारिक सम्बन्धमा तनाव, आर्थिक समस्या, उपेक्षा वा बालबालिकाले आफूलाई परिवारबाट असुरक्षित महसुस गर्नु मानसिक दबाबको कारणले पनि आत्महत्याको घटना बढेको प्रहरी श्रोतको भनाई छ ।

प्रवक्ता गौतमका अनुसार सामाजिक सञ्जालमा अरूको जीवनसँग आफ्नो तुलना गर्ने, साइबर बुलिङको सामना गर्ने, व्यक्तिगत फोटो वा कुराकानी सार्वजनिक हुने डर, अनलाइन अपमान तथा सामाजिक स्वीकृति नपाएको महसुसजस्ता विषयले उत्पन्न गर्ने मानसिक दबाब पनि आत्महत्या बढनुको एक कारण हो । रौतहटमा एक वर्षमै १६३ जनाले आत्महत्या गरेको र त्यसमध्ये १६ वर्षमुनिका ३२ जना रहेको तथ्यांकले आत्महत्या रोकथामलाई केवल स्वास्थ्य क्षेत्रको विषय नभई परिवार, विद्यालय, समाज र राज्य सबैको साझा जिम्मेवारीका रूपमा लिनुपर्ने स्पष्ट संकेत गरेको छ ।


## आत्महत्या समस्याको समाधान होइन:

**आत्महत्याको प्रमुख कारणहरु:**

- मानसिक तनाव, डिप्रेशन, एक्लोपन वा निराशा,
- हिंसा, परिवारिक झगडा वा सम्बन्ध विच्छेद र प्रेममा असफलता,
- गरिबी, बेरोजगारी, आर्थिक संकट र ऋण लाग्नु,
- हिनताबोध, आवेश र घुर्की देखाउनु,
- व्यक्तिगत र पारिवारिक इच्छा, आकांक्षा पूर्ती हुन नसक्नु,
- सोचे अनुसार सफलता प्राप्त नहुनु,
- सामाजिक बहिष्कार वा दुर्व्यवहार लगायत ।

**रोकथामका लागि:**

- आफन्त,साथीवाविश्वासिलोव्यक्तिसँगसमस्याका बारेमा खुलेर कुरा गरौं,
- तनाववासमस्यापरेमामनोचिकित्सकवापरामर्शकर्ताको सहयोग लिऔं,
- आत्महत्याको सोच आएमा तत्काल परिवारका सदस्यलाई बताऔं वा सहायता केन्द्रमा सम्पर्क गरौं,
- तनाव र निराशामा रहेका व्यक्तिको समस्या सुनौं र सहयोग गरौं ।

"एक-अर्काको सहारा बनौं,
आत्महत्या होइन समस्याको समाधान खोजौं"

नेपाल सरकार
विज्ञापन बोर्ड





जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८